**कावासोती नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

# कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण

**मितिः २०७७/०२/०८**

१. कावासोती नगरपालिकाको प्रत्येक वडामा क्वारेन्टाइन बनाउने र आवश्यकताअनुसार क्षमता वृद्धि गर्ने निर्णय गरियो।

२. खर्चको मापदण्ड अनुसार प्रति व्यक्ती प्रतिदिन रु २००।–को गुणस्तरिय र पोषणयूक्त खाना, खाजा क्वारेन्टाइनमा बस्ने व्यक्तीलाई सम्बन्धित वडा कार्यालयले व्यवस्थापन गर्ने निर्णय गरियो।

३. क्वारेन्टाइनको सुरक्षाको लागि सम्बन्धित वडा कार्यालयले प्रत्येक वडामा ३ जना स्वयम सेवकको व्यवस्थापन गर्ने र स्वयम सेवकलाई प्रति दिन प्रति व्यक्ती रु १००।– को दरले खाजाको व्यवस्थापन सम्बन्धित वडाले गर्ने निर्णय गरियो।

४. कावासोती नगरपालिका स्थायी घर भएका व्यक्तीहरु सिमा क्षेत्रबाट दिनानुदिन आउने क्रम बढिरेहको हुनाले आवश्यकता अनुसार तपशिलमा तोकिएको सामाग्रीहरु विपत व्यवस्थापन समितिको मिति २०७७/०२/०२ गतेको निर्णय नं ३ बाट बनाइएको सामाग्री खरिद समितिबाट सामाग्रीहरु खरिद प्रकृया अनुसार खरिद गर्ने निर्णय गरियो।

**तपशिलः**

- ✓ झुल
- ✓ सिरानी
- ✓ तन्ना
- ✓ डस्ना

५.क्वारेन्टाइनमा रहेका व्यक्तीहरुको लागि खाना, खाजा पकाउनका लागि अदक्ष श्रमीक(खाना पकाउने)को हकमा प्रत्यके क्वारेन्टाइनमा १ जना खाना पकाउने अदक्ष श्रमिक जिल्ला दररेट अनुसार पारिश्रमिक दिने निर्णय गरियो ।

६. स्वयम सेवकहरुको परिचालन गरि क्वारेन्टाइनको सुरक्षाको सम्पूर्ण जिम्मेवारी सहितको व्यवस्थापन सम्बन्धित वडाका वडाअध्यक्षले गर्ने निर्णय गरियो ।

७.कावासोती नगरपालिका विपत व्यवस्थापन समितिले खर्चको अनुमोदन गरि निर्णय गरिसके पछि मात्र भुक्तानीको प्रकृया अगाडी बढाउने निर्णय गरियो।

८. कावासोती नगरपालिकाका देहायका कर्मचारीको प्रति व्यक्ती बार्षिक रु १२०० प्रिमियमका दरले( रु २ लाखको) कोरोना स्वास्थ्य विमा नगरपालिका बाट गर्ने निर्णय गरियो ।

**कर्मचारीको नामावली विवरणः**

- ✓ बेल बहादुर पुन- सवारी चालक
- ✓ प्रकाश गिरी- सवारी चालक
- ✓ नगेन्द्र महतो- फायर म्यान
- ✓ तारा गिरी- दमकल फायर म्यान